गौमुखी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पुजा, लिवासे, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

# आन्तरिक लेखापरिक्षण प्रतिवेदन

आ.व. २०८०/०८१


प्रतिवेदक

खेमराज ढकाल

आ.ले.प. सहायक

गौमुखी गाउँपालिका, प्यूठान

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# आन्तरिक लेखापरिक्षण




खेमराज ढकाल
आन्तरिक लेखापरीक्षक

गौमुखी गाउँपालिका

# गाउँ कार्यपालिको कार्यालय

पुजा, लिवासे, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

## आ.व. २०८०/८१ को आन्तरिक लेखापरिक्षण प्रतिवेदन

### १. परिचय :

लुम्विनी प्रदेशमा अवस्थित प्यूठान जिल्लाको उत्तर पूर्वी भेगमा रहेको गौमुखी गाउँपालिका सात (७) वटा वडाहरुमा विभाजित रहेको छ । ३९ सदस्यीय सभा रहेको यस गौमुखी गाउँपालिका १३९.०४ व.कि.मी. क्षेत्रफलमा फैलिएको छ । भौगोलिक हिसावले ८२ डिग्री ५७ मि. देखी ८३ डिग्री ६ मि. पूर्वी देहान्तरसम्म तथा २८ डिग्री १० मि. देखी २८ डिग्री १९ मि. उत्तरी अक्षांशसम्म फैलिएको गौमुखी गाउँपालिका एउटा प्राकृतिक र सांस्कृतिक विविधता भरिपूर्ण पहाडी क्षेत्र हो। प्यूठान जिल्लामा नयां गठन भएका गाउँपालिकाहरुमा धेरै संम्भावना बोकेको गाउँपालिकाको रुपमा गौमुखी गाउँपालिका हुनुका साथै यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरित गाउपालिकावासी समेत यो गाउँपालिका दरिलो अनि दिगो विकासको स्रोतका रुपमा रहेका छन । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तीहरुको बसोबास रहेको छ । गौमुखी गाउँपालिकाको उत्तरमा बाग्लुङ जिल्ला र पश्चिमतिर नौबहिनी गाउँपालिका, दक्षिणमा झिमरुक गाउँपालिका र पूर्वमा गुल्मी जिल्ला रहेका छन । गौमुखी गाउँपालिका वि.स. २०७३ फागुन २७ गते गाउँपालिकाको रुपमा घोषणा भएको थियो । गौमुखी गाउँपालिकाको अधिकतम तापक्रम ३२.४ डिग्री सेल्सियस तथा न्युनतम तापक्रम ८.० डिग्री सेल्सियस रहेको पाईन्छ ।

### २. कार्यालयको नाम :

गौमुखी गाउँ कार्यपालिकाको कार्यालय
पुजा, लिवासे, प्यूठान ।

खेमराज ढकाल
आन्तरिक लेखापरीक्षक

३. कार्यालयको उद्धेश्य :

क. नेपालको संविधान बमोजिम स्थानिय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वायन गर्दै संघ, प्रदेश र स्थानिय तहबिच सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्ने,

ख. स्थानिय सरकारको संचालनमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनताबिच सुलभ तथा गुणस्तरीय सेवा प्रवाह गर्ने,

ग. स्थानिय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानिय सरकार संचालन गर्ने,

घ. लोकतान्त्रिक लाभहरुको समानुपातिक, समावेशी एवं न्यायोचित वितरण गर्दै कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप लोकतान्त्रिक शासन व्यवस्थालाई स्थानिय तह देखी नै सुदृढीकरण गर्ने ।

४. कार्यालय सम्बन्धी विवरण :

१. कार्यालय प्रमुखको नाम :

तुल्सिराम पौडेल (प्रमुख प्रशासकिय अधिकृत)

२०८० श्रावण २८ गते देखी-हाल सम्म ।

५. आर्थिक प्रशासन प्रमुखको नाम :

प्रेम बहादुर कुवंर

२०८० पौष ३ गते देखी हाल सम्म ।

६. परिक्षण गरिएका श्रेस्ता :

- गोश्वारा भौचर तथा सम्बन्धित कागजात
- खर्चको फांटवारी
- सहायक खाताहरु
- खरिद निर्णय सम्बन्धी फाँईलहरु
- आम्दानी विवरण
- खर्च विवरण
- स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) का अभिलेखहरु

७. सम्बन्धित ऐन, नियम, निर्देशिका र कार्यविधीहरु :

- नेपालको संविधान
- स्थानिय सरकार संचालन ऐन, २०७४
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०

खेमराज ढकाल
आन्तरिक लेखापरीक्षक

गाउँ गौमुखी गाउँपालिका
कार्यपालिकाको कार्यालय
पुजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- लेखापरिक्षण ऐन, २०७५
- सुशासन (व्य.तथा स.) ऐन, २०६४ तथा नियमावली २०६५
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- आयकर ऐन, २०५८ तथा नियमावली २०५९
- भ्रमण खर्च नियमावली, २०६४
- नेपाल सरकारको लेखा निर्देशिका, २०७३
- आन्तरिक लेखापरिक्षण (कार्यविधी) निर्देशिका, २०७३
- कार्य संचालन निर्देशिका, २०७५
- कार्यक्रम कार्यान्वायन पुस्तिका, २०७६/७७
- गौमुखी गाउँपालिकाको आर्थिक ऐन, २०८०

८. गौमुखी गाउँपालिकाको ऐन, नियम, निर्देशिका तथा कार्यविधी :

- गौमुखी गाउँपालिकाको आर्थिक ऐन, २०८०
- गाउँपालिकाको विनियोजन ऐन, २०८०
- गौमुखी गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितीको कार्यासंचालन कार्यविधी, २०८०
- गौमुखी गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितीको कार्यसंचालन कार्यविधी, २०८०
- विषयगत समिती संचालन कार्यविधी, २०८०
- स्वास्थ्य निती, २०७९
- स्वास्थ्य ऐन, २०८०
- प्र.म. रोजगार कार्यक्रम रोजगार संवाद संचालन तथा व्यवस्थापन कार्यविधी, २०८०
- लगायतका अन्य ऐन, नियम तथा कार्यविधीहरु ।

आ.व. २०८०/८१ को आन्तरिक लेखापरिक्षण प्रतिवेदन तयार गरी पेश गरेको छु ।

खेमराज ढकाल
आन्तरिक लेखापरीक्षक

गौमुखी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

१. आ.व. २०८०।८१ को एकिकृत आय/व्यय विवरण

| सि.नं. | आय विवरण | रकम | रकम | सि.नं. | व्यय विवरण | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| | गत वर्षको जिम्मेवारी | | १५९६४७४४.३२ | | चालु तर्फ | ३२८५२२६१३.१० | ३२८५२२६१३.१० |
| | क) संचित कोष खाता | ७३०१२०९.८२ | | | पूँजिगत तर्फ | ८९९२८४६०.०० | ८९९२८४६०.०० |
| | ख) मर्मत संभार कोष | ७१४५९.०० | | | सामाजिक सुरक्षा तथा संरक्षण | ११०३७०३५२.३७ | ११०३७०३५२.३७ |
| | ग) महिला तथा वालवालिका कोष | २९२०००.०० | | | एकिकृत स्वास्थ्य पूर्वाधार विकास | ५९३७२०००.०० | ५९३७२०००.०० |
| | घ) आकस्मिक कोष | १११७६१३.०० | | | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८८४८४४.०० | ८८४८४४.०० |
| १ | ङ) विभाज्य कोष खाता | ४३५.०० | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १००५०००.०० | १००५०००.०० |
| | च) प्रकोप व्यवस्थापन कोष | ४६९३१.०० | | | विभिन्न कोषतर्फ | | ०.०० |
| | छ) कोरोना रोकथाम कोष | ५४८८४.०० | | | क) मर्मत संभार कोष | ०.०० | |
| | ज) कर्मचारी कल्याण कोष | ३३०७०३.०० | | | ख) महिला तथा वालवालिका कोष | ०.०० | |
| | झ) विविध कोष खाता | १९९४४७.५० | | | ग) आकस्मिक कोष | ०.०० | |
| | ञ) धरौटी खाता | ६५५००६२.०० | | | घ) प्रकोप व्यवस्थापन कोष | ०.०० | |
| | राजश्व | | ९७३१७५९९.५० | | ङ) कोरोना रोकथाम कोष | ०.०० | |
| | क) आन्तरिक राजश्व | ८७०२२३३.१० | | | च) कर्मचारी कल्याण कोष | ०.०० | |
| २ | ख) विभाज्य कोष खाता | ३२७७१०.०० | | | छ) विभाज्य कोष | ०.०० | |
| | ग) राजश्व वाँडफाँडबाट प्राप्त | ८८२८७६५६.४० | | | ज) विविध कोष | ०.०० | |
| | घ) जिल्ला समन्वय समितिबाट प्राप्त | ०.०० | | | धरौटी | | ८५५७८२.०० |
| | संघीय सरकावाट प्राप्त वित्तिय हस्तान्तरण | | ३०१२१६०००.०० | | क) धरौटी फिर्ता | ८५५७८२.०० | |
| | क) संघिय समानिकरण अनुदान | ८७४२००००.०० | | | निकासा फिर्ता | | १२५९५३२९.५२ |
| ३ | ख) सघिय सशर्त अनुदान | २००७९६०००.०० | | | क) संघिय सञ्चित कोष | ११५३२३६०.५२ | |
| | ग) संघीय विषेश अनुदान | ८००००००.०० | | | ख) प्रदेश सञ्चित कोष | १०६२९६९.०० | |
| | घ) संघीय समपुरक अनुदान | ५००००००.०० | | | मौज्दात | | |
| | प्रदेश सरकावाट प्राप्त वित्तिय हस्तान्तरण | | २५९९४५००.०० | | क) संचित कोष खाता | १९४२२.७४ | १४०००१०.३४ |
| | क) प्रदेश समानिकरण अनुदान | ४८२८५००.०० | | | ख) मर्मत संभार कोष | ७१४५९.०० | |
| ४ | ख) प्रदेश सशर्त अनुदान | ८५२००००.०० | | | ग) महिला तथा वालवालिका कोष | २९२०००.०० | |
| | ग) प्रदेश समपुरक अनुदान | ९१४६०००.०० | | | घ) आकस्मिक कोष | १११७६१३.०० | |
| | घ) प्रदेश विषेश अनुदान | ३५०००००.०० | | | ङ) प्रकोप व्यवस्थापन कोष | ४९८४२८.०० | |
| | विभिन्न कोषतर्फ | | ११४१२२९.१६ | | च) कोरोना रोकथाम कोष | ०.०० | |
| | क) मर्मत संभार कोष | ०.०० | | | छ) कर्मचारी कल्याण कोष | ०.०० | |
| | ख) महिला तथा वालवालिका कोष | ०.०० | | | ज) विविध कोष | ६९९४८९.४८ | |
| ५ | ग) आकस्मिक कोष | ०.०० | | | झ) विभाज्य कोष | ३७८१७५.०० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | ०.०० | | | ञ) धरौटी खाता | ९०६६२७२.०० | |
| | ङ) कोरोना रोकथाम कोष | ०.०० | | | ट) आन्तरिक राजश्व खाता | १८५७१५१.१२ | |
| | च) कर्मचारी कल्याण कोष | ४१२२९.१६ | | | | | |
| | छ) विविध कोष खाता | ११०००००.०० | | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | ११०३६६४४०.३७ | ११०३६६४४०.३७ | | | | |
| | एकिकृत स्वास्थ्य पूर्वाधार विकास | १००५०००.०० | १००५०००.०० | | | | |
| | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८८४८४४.०० | ८८४८४४.०० | | | | |
| | एकिकृत स्वास्थ्य पूर्वाधार विकास | ५९३७२०००.०० | ५९३७२०००.०० | | | | |
| | धरौटी | ३७७१९९२.०० | ३७७१९९२.०० | | | | |
| | अन्य विविध आय (IT को तलव) | ५०००४१.९८ | ५०००४१.९८ | | | | |
| | जम्मा | ६१७५३४३९१.३३ | ६१७५३४३९१.३३ | | जम्मा | ६१७५३४३९१.३३ | ६१७५३४३९१.३३ |

..................

तयार गर्ने

प्रेम वहादुर कुवँर

लेखापाल

वैंक

..................

सदर गर्ने

तुल्सीराम पौडेल

प्रमुख प्रशासकीय अधिकृत

खेमराज ढकाल

आन्तरिक लेखापरीक्षक

गौमुखी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पुजा, लिवासे, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८०/८१ को आन्तरिक लेखापरिक्षण प्रतिवेदन

लेखापरिक्षण सम्पन्न मिति : २०८१/०५/०५

कार्यालय प्रमुख : तुल्सीराम पौडेल

लेखा प्रमुख : प्रेम बहादुर कुंवर

बजेट उपशिर्षक

| सि.नं. | मिति | श्रेस्ता परिक्षणबाट देखिएको व्यहोरा (वेरुजु) | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | | आन्तरिक नियन्त्रण प्रणाली : आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को परिच्छेद ६ को दफा ३१ मा सबै सरकारी कार्यालयहरुले आफ्नो र अन्तर्गतको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने कानूनी व्यवस्ता छ । सोहि परिच्छेदको दफा ३२ मा आन्तरीक नियन्त्रण प्रणाली आन्तरिक र अन्तिम लेखापरिक्षण प्रतिवेदन कार्यान्वयनका लागी तोकिएबमोजिम आन्तरिक नियन्त्रण समितीको समेत व्यवस्था छ । | | |

खेमराज ढकाल

आन्तरिक लेखापरीक्षक

| | | | | |
|---|---|---|---|---|
| | | पालिकाले आफु र मातहतका कार्यालयबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्वक एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजाउन्मुख वित्तिय जोखिम न्युनिकरण गर्ने, वित्तिय विवरणलाई विश्वसनीय बनाई आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुस्त बनाउनु पर्नेमा सो नभएको पाईयो ..................... | | |
| २ | | वार्षिक खरिद योजना :<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायको वार्षिक रु. दश लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । गौमुखी गाउँपालिकाले ऐनमा भएको व्यवस्था अनुसार खरिद योजना तर्जुमा गरेता पनि सोको पुर्ण कार्यान्वन गर्नु पर्नेमा सो नभएको पाईयो । पालिकाले ऐनमा भएको व्यवस्थाअनुसार खरिद योजनालाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याउन जरुरी देखिन्छ ................. | | |
| ३ | | योजना निर्माण तथा कार्यान्वयन :<br>स्थानिय सरकार जनताको नजिकको सरकार भएकोले जनताका आवस्यकता र चाहना बमोजिमका योजना तथा कार्यक्रम निर्माण गरी लागु गर्नुपर्ने हुन्छ । पालिकामा आवधिक एवं भुउपयोग योजना निर्माण भएको तथा मध्यकालिन खर्च संरचना नभएको पाईयो । आगामी दिनहरुमा यस्ता सबै खालका योजना तथा कार्यक्रम तयार गरी पूर्ण रुपमा कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ........................... | | |

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पुजा, प्युठान लुम्बिनी प्रदेश, नेपाल

खेमराज ढकाल
आन्तरिक लेखापरीक्षक

| | | | | |
|---|---|---|---|---|
| ४ | | दर्ता चलानी :<br>नेपालका प्रायः सरकारी कार्यालयहरुमा दर्ता चलानी कार्य अनलाईन माध्यमबाट भईरहेकोमा यस पालिकामा उक्त कार्य अनलाईन माध्यमबाट हुन सकिरहेको अबस्था छैन । तसर्थ, आगामी दिनहरुमा दर्ता चलानी कार्यलाई नियमित एवं प्रभावकारी तुल्याई उक्त पक्षको नितिगत सुधारका लागी अनलाईन दर्ता चलानी प्रणाली लागु गर्नुपर्ने देखीन्छ ................................... | | |
| ५ | | टुक्रे खरिद :<br>सार्वजनिक खरिद ऐन २०६३ मा सार्वजनिक निकायले रु. १० लाख भन्दा माथिको मालसामान खरिद गर्दा बार्षिक खरिद योजना तयार गरी लागु गर्नु पर्नेमा यस पालिकाले आफुलाई आवस्यक पर्ने मालसामान खरिद गर्दा प्रतिस्प्रधात्मक, मितव्ययी, पारदर्शिता, जवाफदेहिताको सिद्धान्तलाई पालना गरी वोलपत्र वा शिलबन्दी दरभाउपत्र विधिमार्फत खरिद गर्नुगर्न कानूनी व्यवस्था छ। आगामी दिनमा खरिद प्रक्रियालाई अझै बढी प्रतिस्पर्धात्मक तरिकाबाट अगाडी बढाउनुपर्ने पक्षमा सुधार गर्नुपर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ.............. | | |

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

खेमराज ढकाल
आन्तरिक लेखापरीक्षक

| | | | | |
|---|---|---|---|---|
| ६ | | गुणस्तर परीक्षण :<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निकायले आपुर्ती गरेको मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परिक्षण गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । अतः गाउँपालिका अन्तर्गतका मालसामान एवं जिन्सी सबै सामाग्रीहरुको नियमित गुणस्तर परिक्षण गर्नुपर्ने .............................. | | |
| ७ | | व्यवसाय नविकरण तथा बन्द :<br>आ.व. २०८०/८१ मा यस पालिकामा १२१ वटा व्यवसाय नविकरण भएका र ३७ वटा बन्द एवं १४ वटा नयां व्यवसाय दर्ता भएका छन । पालिकामा अझै थप व्यवसाय दर्ता भई थप व्यवसाय संचालन हुन सक्ने अबस्था रहेकोमा आन्तरिक राजश्व संकलनलाई मध्यनजर गर्दै त्यस्ता थप व्यवसाय दर्ता तथा व्यवसाय नविकरण कार्यमा सहजिकरण एवं उत्प्रेरित गर्नमा थप पहल गर्नुपर्ने देखिन्छ ......................... | | |
| ८ | | राजश्व संकलन :<br>गौमुखी गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा रु. ८५ लाख २५ हजार राजश्व संकलन गर्ने लक्ष्य राखेकोमा आ.व. २०८०/८१ मा राजश्व अनुमान भन्दा बढी (रु. ९५ लाख भन्दा बढी ) राजश्व संकलन गरेको पाईयो । यस गौमुखी गाउँपालिकामा राजश्व संकलन गर्ने थप स्रोतहरु ( विज्ञापन कर, जडिबुटी कवाडी शुल्क, सवारी साधन शुल्क ) लगायत अन्य सम्भावित राजश्व शुल्क उठाउने तथा राजश्वको दायरा विस्तार गर्नेतर्फ पालिकाको विचार गर्नुपर्यो ................... | | |

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पुजा, प्युठान लुम्बिनी प्रदेश, नेपाल

खेमराज ढकाल
आन्तरिक लेखापरीक्षक

| | | | | |
|---|---|---|---|---|
| ९ | | न्यायिक समिती :<br>गौमुखी गाउँपालिकामा आर्थिक वर्ष २०८०/८१ मा न्यायिक समिती अन्तर्गत ५ वटा विवाद दर्ता भएकोमा ५ वटै फर्छ्योट भएको तथा पालिकाको ७ वटै वडामा १३० वटा विवाद देखिएकोमा वडामा रहेका मेलमिलाप कर्तावाट मेलमिलापका माध्यमवाट सवै विवाद समाधान भएको देखियो । आगामी दिनहरुमा यस्ता विवादहरुमा कमी ल्याई सभ्य र समतामुलक समाज निर्माणमा टेवा पुर्याई सुशासन कायम गर्नका निमित्त न्यायिक समिती मार्फत विभिन्न नागरिक सचेतनामुलक कार्यक्रमहरुलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ .................................. | | |

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पुजा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

..........................

खेमराज ढकाल

आन्तरिक लेखापरिक्षक

गौमुखी गाउँपालिका, प्यूठान

खेमराज ढकाल

आन्तरिक लेखापरीक्षक